बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

वर्ष १ अंक १ २०७८ भाद्र (August-September, 2021)

बुलेटिन Bulletin

# "बीमा समितिले जनताको बीमा रकमको सुरक्षाको ग्यारेन्टी खोजेको हो"

- अध्यक्ष सिलवाल

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा ऐन, नियम र निर्देशिकाहरूको परिपालना गर्न तथा बीमा व्यवसायलाई स्वच्छ एवम् पारदर्शी ढङ्गले अघि बढाउन जीवन बीमा कम्पनीका संचालक समितिका अध्यक्षहरूलाई निर्देशन दिनुभएको छ ।

बीमा समितिले 'जीवन बीमासँग सम्बन्धित समस्या र समाधान' विषयमा जीवन बीमा कम्पनीका संचालक समितिका अध्यक्षहरूसँग यही भदौ २२ गते काठमाडौंमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले बीमा कम्पनीका सुझावहरूलाई गम्भीरतापूर्वक लिएर नियम निर्देशिका बनाई समग्र बीमा क्षेत्रको सुधारका कार्यलाई अगाडि बढाइएको बताउनुभयो ।

बीमा कम्पनीहरूमा सुशासन कायम गर्न, कारोवारलाई दुरूस्त तथा पारदर्शी पार्न निर्देशन दिनुहुँदै अध्यक्ष सिलवालले भन्नुभयो, "बीमा कम्पनीहरूको लगानीमा विविधीकरण छैन, लगानीको वार्षिक योजना छैन, जनशक्तिको विकासको कार्यक्रम छैन, बीमा सचेतना जगाउने विज्ञापनको व्यवस्था छैन, समस्या धेरै भए, यसतर्फ कम्पनीका अध्यक्षको ध्यान जानु पर्‍यो र अध्यक्षहरूको भूमिका प्रभावकारी हुनु पर्‍यो ।"

बीमा कम्पनी व्यक्तिको इच्छा अनुसार नभई कम्पनीकै रूपमा संचालन हुनुपर्ने, खर्च पारदर्शी हुनुपर्ने र बीमा

अभिकर्ताको कामको अनुगमन गर्नुपर्नेतर्फ कम्पनीका अध्यक्षहरूको ध्यानाकर्षण गर्नुहुँदै अध्यक्ष सिलवालले कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले कम्पनी



बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल जीवन बीमासँग सम्बन्धित समस्या र समाधान विषयक कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

कसरी चलाएका छन्, बीमा समितिका निर्देशनहरूको परिपालना भएका छन् कि छैनन्, नयाँ नयाँ बीमालेख ल्याउने र लगानी विविधीकरण गर्नेतर्फ के भएका छन् भन्ने कुराको अनुगमन, रेखदेख र नियन्त्रण गरी कम्पनीमा थिति बसाल्न निर्देशन दिनुभयो ।

अध्यक्ष सिलवालले बीमा कम्पनीका कुनै समस्या भए बीमा समितिले समाधान गर्ने उल्लेख गर्नुहुँदै जनताको बीमा रकमको सुरक्षाको ग्यारेन्टी समितिले खोजेको बताउनुभयो ।

कार्यक्रममा 'जीवन बीमासँग सम्बन्धित समस्या र समाधान' विषयमा प्रस्तुती गर्नुहुँदै बीमा समितिका



जीवन बीमासँग सम्बन्धित समस्या र समाधान विषयमा प्रस्तुती गर्नुहुँदै बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेल

कार्यकारी निर्देशक राजुरमण पौडेलले विश्वव्यापी कारोना भाइरसको महामारीका बीचमा पनि नेपालको जीवन बीमा क्षेत्रले केही गति लिएको देखिए पनि धेरै समस्याहरू रहेको बताउनुभयो ।

उहाँले जीवन बीमा कम्पनीहरूको आन्तरिक कार्यविधि गुणस्तरीय नभएको, बीमाङ्कीय मूल्याङ्कन समयमै गराई वित्तीय विवरण समितिमा स्वीकृतिका लागि पेश नगरेको, यथार्थ जोखिमाङ्कन नगरी बीमालेख जारी हुने गरेको, लगानी निर्देशिका बमोजिम लगानी नभएको, पूर्वाधार लगायतका तोकिएका क्षेत्रमा लगानी नभई बैङ्कका मुद्दती निक्षेपमा लगानी केन्द्रित भएको, शेयर लगानी अपारदर्शी रहेको, खरीद प्रक्रिया पारदर्शी एवम् व्यवस्थित नदेखिएको, बीमितलाई छिटो छरितोरूपमा दाबी भुक्तानी नगरेको र बीमकमा सरेण्डर तथा ल्याप्स रेसियो दिनानुदिन बढिरहेको लगायतका समस्याहरू रहेको उल्लेख गर्नुभयो ।

कार्यकारी निर्देशक पौडेलले लगानी विविधीकरण गर्न, नयाँ नयाँ बीमालेख ल्याउन, सुशासन कायम गर्न, क्रस होल्डिङ्ग भई लगानी भएकाहरूलाई तुरून्त तोकिएको सीमाभित्र बस्न अन्यथा Force Merger मा जानुपर्ने अवस्था आउनसक्नेतर्फ ध्यान दिन, स्वःइच्छाले मर्जरमा जाने वातावरण तयार गर्न, वित्तीय पारदर्शिता कायम गर्न र समयमै साधारण सभा गर्न सुझाव दिनुहुँदै कम्पनीका समस्याको समाधानका लागि संचालक समितिका अध्यक्षहरू नै अग्रसर हुनुपर्ने बताउनुभयो ।

यसैगरी, बीमा समितिका निर्देशक पूजन ढुङ्गेल अधिकारीले देशमा रेमिटेन्स भित्र्याउनेहरूलाई लक्षित गरी बीमालेख ल्याउन आवश्यक कार्य अघि बढाइने र मोटर बीमामा २०० सीसी को प्रावधान हटाउन सकिने जानकारी दिनुभयो ।

बीमा समितिका निर्देशक दिनेश कुमार लालले बीमा कम्पनीहरूका प्रमुख कार्यकारी अधिकृत पदमा मास्टर्स डिग्री वा अनुभवका आधारमा चार्टर्ड एकाउन्टेन्ट वा ग्र्याजुएसन गरेकालाई पनि नियुक्ती गर्न सकिने बताउनुभयो ।

कार्यक्रममा सहभागी जीवन बीमा कम्पनीहरूका संचालक समितिका अध्यक्षहरूले बीमा समितिले औंल्याएका समस्याहरूको समाधान गर्ने तत्परता व्यक्त गर्दै लगानीको दायरा फराकिलो बनाउन, बीमा सम्बन्धी नीति, नियम र निर्देशिकाको समयानुकूल परिमार्जन गर्न, टिकटको व्यवस्था हटाउन, उधारो बीमा गर्न नपाउने व्यवस्थालाई नवीकरणमा पनि लागू गर्न, बोनस दरमा देखिएको अस्वस्थ प्रतिस्पर्धा नियन्त्रणका लागि हस्तक्षेपकारी नीति ल्याउन, बैङ्कसँगको साझेदारीमा लगानी गर्न पाउने व्यवस्था गर्न, करको दायरामा नपर्ने बर्गलाई पनि बीमामा आकर्षित गर्ने व्यवस्था गर्न, कर छूटको दायरा बढाउनका लागि पहल गरिदिन, बीमा क्षेत्रका लागि आवश्यक विज्ञ जनशक्ति उत्पादनका लागि बीमा समितिको अग्रसरतामा बीमा कलेज जस्ता शैक्षिक प्रतिष्ठान स्थापना गर्न बीमा समितिलाई सुझाव दिनुभयो ।

कार्यक्रममा बीमा कम्पनीहरुका संचालक समितिका अध्यक्षहरुको सहभागिता रहेको थियो ।

# नयाँ सफ्टवेयर संचालनमा

बीमा समितिले आफ्ना काम कारवाहीलाई अझ बढी चुस्त, दुरूस्त एवम् पारदर्शी बनाउँदै बीमा कम्पनी र सरोकारवालाहरूलाई छिटो छरितो रूपमा सेवा उपलब्ध गराउने उद्देश्यले मिति २०७८ साल साउन १ गतेदेखि नयाँ सफ्टवेर Insurance Regulatory Management Information System (IRMIS) संचालनमा ल्याएको छ । उक्त सफ्टवेयरबाट प्राप्त हुने तथ्याङ्कहरूको व्यवस्थापन तथा भण्डारण गर्नका लागि सर्भर System समेत प्रयोगमा ल्याइएको छ ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले २०७८ साल साउन १ गते कुपण्डोलस्थित समितिको कार्यालयमा नयाँ सफ्टवेयर IRMIS र सर्भरको उद्घाटन गर्नुभयो ।

आधारित नयाँ सर्भर र सफ्टवेयर पहिलो पाइलो भएको बताउनुभयो ।

उहाँले नयाँ प्रविधिमा आधारित सफ्टवेयर मार्फत बीमा कम्पनीहरूले कानून बमोजिम समितिलाई उपलब्ध गराउनुपर्ने विवरण अब अनलाइनबाटै पठाउन सक्ने र त्यसबाट समय तथा लागत समेत बचत हुनाका साथै काम कारवाही पनि छिटो छरितो र पारदर्शी हुने बताउनुभयो ।

अध्यक्ष सिलवालले नयाँ सफ्टवेयर संचालनमा आएसँगै बीमा समितिसँग सबै बीमा कम्पनीहरू अनलाइनबाट जोडिने भएकाले बीमा कम्पनीबाट समयमै विवरण प्राप्त हुने र तिनको अध्ययन विश्लेषण गरी बीमा सम्बन्धी नीति एवम् रणनीतिको



बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल नयाँ सफ्टवेयरबाट प्रिन्ट गरिएको बीमा अभिकर्ता इजाजतपत्र सार्वजनिक गर्नुहुँदै ।

कार्यक्रममा अध्यक्ष सिलवालले बीमा व्यवसायलाई प्रविधिमैत्री बनाएर अगाडि बढाउन आधुनिक प्रविधिमा

परिमार्जन तथा विश्लेषणका साथै नियमन र सुरपरीवेक्षण गर्न समेत समितिलाई सहयोग पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

बीमा कम्पनीहरूबाट कानूनी, उजुरी, नियमन, नीति विश्लेषण र परिपालन सम्बन्धी विषयका साथै दाबी तथा सम्पत्ति शुद्धीकरण सम्बन्धी विवरणहरू, बीमालेख तथा बीमाङ्की, अण्डरराइटिङ्, वित्तीय एवम् लेखापरीक्षण र सूचना प्रविधि सम्बन्धी विवरणहरू नयाँ सफ्टवेयरमार्फत समितिलाई प्राप्त हुनेछन् ।

यसैगरी, नयाँ सफ्टवेयरमार्फत बीमा कम्पनीहरूमा समितिबाट भएका स्थलगत सुपरीवेक्षण, गैरस्थलगत सुपरीवेक्षण, कृषि तथा लघु बीमा र पुनर्बीमा सम्बन्धी विवरणहरूका साथै इजाजत, बीमा अभिकर्ता तथा सर्भेयर र व्यवस्था सूचना प्रणाली सम्बन्धी विवरणहरू समितिलाई प्राप्त हुने व्यवस्था गरिएको छ । यसले बीमकहरूलाई प्रभावकारी ढङ्गले नियमन गर्न समितिलाई सघाउने छ ।

प्राप्त विवरणहरूको सारसङ्क्षेप सरोकारवालाहरूको जानकारीका लागि समितिको वेभसाइट nib.gov.np मा राखिएको छ ।

## बीमाशुल्क रकम बैङ्क खातामा प्राप्त गरेपछि मात्र बीमालेख जारी गर्न निर्देशन

बीमा ऐन, २०४९ को दफा २७ मा **‘कुनै पनि बीमकले कुनै पनि किसिमको बीमा व्यवसाय गर्दा लिइने बीमा वापतको शुल्क रकम प्राप्त नभएसम्म बीमा जोखिम स्वीकार गर्नु हुँदैन । बीमकले जोखिम ग्रहण गरे वापत बीमाशुल्क रकम प्राप्त गरेपछि मात्र बीमा गरेको मानिनेछ’** भन्ने व्यवस्था रहेको छ ।

बीमा ऐन बमोजिम बीमा कम्पनीले आफ्नो बैङ्क खातामा बीमाशुल्क वापतको रकम प्राप्त भएपछि (बैङ्क स्टेटमेण्टमा रकम प्राप्त भएको देखिएपछि) मात्र बीमालेख जारी गर्न सक्दछन् । बीमा ऐन, २०४९ को दफा २७ विपरित उधारो बीमा गर्ने वा बीमाशुल्क वापतको रकम बीमकको बैङ्क खातामा प्राप्त नभइकन बीमालेख जारी गर्ने कार्य नगर्न नगराउन बीमकलाई निर्देशनसमेत दिइसकिएको हुँदा उक्त निर्देशन विपरित बीमा गर्ने गराउने कार्य भए गरेको पाइएमा कानून बमोजिम कारवाही भइजाने व्यहोरा समेत सम्बन्धित सबैमा जानकारी गराइएको छ ।

## “बीमा ऐन र निर्देशिका पालना नगरी अस्वस्थ प्रतिस्पर्धामा लागिरहे कारवाहीको भागेदार बन्नैपर्छ”

**- अध्यक्ष सिलवाल**

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा क्षेत्रमा देखिएका समस्याहरूको समाधानका लागि समाधानको विकल्प सहित ठोस सुझाव प्रस्तुत गर्न बीमा कम्पनीहरूलाई आग्रह गर्नुभएको छ ।



बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरुका लागि आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

बीमा समितिबाट मिति २०७८ साल साउन २७ गते काठमाडौंमा निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागितामा बीमा सम्बन्धी समसामयिक विषयमा आयोजित अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले

बीमा व्यवसायको स्वस्थ विकास एवम् विस्तारका लागि आवश्यक सहयोग र समर्थन गर्न समिति सदैव तत्पर रहेको बताउनुभयो ।

उहाँले बीमा ऐन, नियमावली र बीमा समितिबाट जारी भएका निर्देशन विपरित उधारो बीमा गरिएको भन्ने उजुरी अझै पनि समितिमा आउने गरेको उल्लेख गर्नुहुँदै त्यस्तो भएको पाइएमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतलाई कारवाही गर्ने र कम्पनीको कारोवार रोक्नेसम्मका कारवाही गर्न समिति बाध्य हुने बताउनुभयो ।

“बीमा कम्पनीका काम कारवाही व्यवस्थित, नियमसम्मत र विश्वसनीय हुनुपर्छ र बीमा गरेपछि दाबीको भुक्तानी गर्नैपर्छ”, अध्यक्ष सिलवालले भन्नुभयो, “बीमा कम्पनीहरूले आफैले पनि सुधार गरेका छौं भन्नुपऱ्यो, बीमा समितिबाट जारी निर्देशन र परिपत्र हुवहु पालना हुनुपऱ्यो ।”

उहाँले बीमा कम्पनीहरूले शहरी क्षेत्रमा मात्र शाखाहरू खोल्न नलागी देशका दुर्गम र ग्रामीण क्षेत्रसम्म शाखा विस्तार गर्नुपर्ने आवश्यकता औंल्याउनुहुँदै बीमा क्षेत्रमा देखिएका कमी कमजोरी सुधार्नका लागि समिति निरन्तर लागिरहने बताउनुभयो ।

कार्यक्रममा बीमा सम्बन्धी समसामयिक विषयमा प्रस्तुती गर्नुहुँदै बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा क्षेत्रमा विभिन्न समस्याहरू रहेको बताउनुभयो ।

उहाँले बीमाको दायरा विस्तार, प्रत्यक्ष रोजगारी, कूल गार्हस्थ उत्पादनमा बीमाको योगदान, बीमा व्यवसाय लगायतका मूलभूत परिसूचकाङ्कहरू भने सन्तोषजनक रहेको बताउनुभयो ।

साथै, उहाँले बीमा क्षेत्रमा विद्यमान समस्याहरूको समाधानका लागि बीमा कम्पनीहरू आपसमा मिलेर संस्थागत सुशासन कायम गरी अघि बढ्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यकारी निर्देशक पौडेलले बीमाप्रतिको विश्वसनीयता बढाउन बीमा कम्पनीहरू अनुशासनमा रहनुपर्ने र बीमा दाबी भुक्तानी छिटो गर्नुपर्ने बताउनुभयो ।



कार्यक्रममा बीमा सम्बन्धी समसामयिक विषयमा प्रस्तुती गर्नुहुँदै बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेल

अन्तरक्रिया कार्यक्रममा निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूले कार्यक्रममा प्रस्तुत समस्याहरू बीमा क्षेत्रमा विद्यमान रहेको उल्लेख गर्नुहुँदै ती समस्याहरूको समाधान आवश्यक भएको धारणा राख्नुभयो ।

उहाँहरूले बीमा कम्पनीहरूबीच अस्वस्थ प्रतिस्पर्धा रहेको, अनुशासनहिनता देखिएको, उधारो बीमा गर्ने प्रवृत्ति र वित्तीय पारदर्शिताको अभावले समयमा नै वार्षिक साधारण सभा गर्न नसकेको, बदमासी नगरे व्यापार हुँदैन भन्ने भ्रम रहेको, पुनर्बीमा गर्न समस्या देखिएको, सुशासनको कमी रहेको, बीमा दररेटमा छिद्र खोजेर चलखेल गर्ने गरिएको, कोरोना बीमाको दाबी भुक्तानीले असहज परिस्थिति सिर्जना भएको,

सहुलियतको व्यवस्था नभएका कारण लघुबीमालाई अगाडि बढाउन नसकिएको लगायतका समस्याहरू रहेको जानकारी दिनुभयो ।

साथै, उहाँहरूले बीमा समितिका सबै निर्देशनहरू अक्षरशः पालना हुनुपर्ने, बीमा नियामक निकाय कडा हुनुपर्ने, जोखिमाङ्कन निर्देशिकामा देखिएका व्यवहारिक समस्याहरूलाई सम्बोधन गर्नुपर्ने, दाबी निर्देशिकामा भएका सबै प्रावधान कार्यान्वयन गर्न कठिन भएकाले पुनरावलोकन गर्नुपर्ने, हरेक आर्थिक वर्षमा नेपाल राष्ट्र बैङ्कले 'मौद्रिक नीति' जारी गरे जस्तै बीमा समितिले पनि हरेक वर्ष 'बीमा नीति' जारी गर्नुपर्ने, बहुराष्ट्रिय कम्पनीहरूका लागि उनीहरूको आवश्यकता अनुरूपको बीमालेख जारी हुनुपर्ने, पुनर्बीमा र सम्पत्ति बीमा निर्देशिकाहरू पुनरावलोकन गर्नुपर्ने लगायतका सुझावहरू दिनुभयो ।

अन्तरक्रिया कार्यक्रममा बीमा समितिका निर्देशकहरूले आ-आफ्नो विभागसँग सम्बन्धित जिज्ञासाहरूको जवाफ दिनुभएको थियो ।

त्यस क्रममा, बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले राष्ट्रिय बीमा नीति बनाउने गृहकार्य शुरू भएको, एकीकृत बीमा निर्देशिका बनाउने प्रक्रिया अगाडि बढेको, किस्तावन्दीमा लघुबीमा गर्ने व्यवस्थातर्फ ध्यान दिइएको र 'बीमा सूचना केन्द्र' स्थापना गर्ने कार्यक्रम रहेको जानकारी दिनुभयो ।

समितिकै निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले पर्याप्त अध्ययन गरेर मात्र बीमालेख पठाउन बीमा कम्पनीहरूलाई आग्रह गर्नुहुँदै बीमा कम्पनीहरूबाट आउने पत्रहरूको प्रत्युत्तर अझ छिटो दिने व्यवस्था गरिएको र डिजिटल प्रणाली अवलम्बन गर्नेतर्फ पनि समितिले ध्यान दिइरहेको बताउनुभयो ।

समितिका निर्देशक दिनेश कुमार लालले बीमा कम्पनीहरूले समय मै बीमाको दाबी भुक्तानी गर्नुपर्ने, शाखा विस्तार गर्दा पर्याप्त कर्मचारीको व्यवस्था गर्नुपर्ने, परिपालन प्रतिवेदन यथार्थपरक आउनुपर्ने र बीमा सर्भेयरले दुःख दिएको गुनासो आउने गरेकाले त्यसलाई सुधार गर्नुपर्नेतर्फ प्रमुख कार्यकारी अधिकृतहरूको ध्यानाकर्षण गर्नुभयो ।

कार्यक्रममा २० वटै निर्जीवन कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

**निर्जीवन बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूका लागि आयोजित अन्तरक्रियामा प्रस्तुत**

**बीमा क्षेत्रमा देखिएका मुख्य मुख्य समस्याहरू**

- स्वीकृत बीमादरभन्दा फरक पर्ने गरी दर घटाएर (Rate Cutting) बीमालेख जारी गर्ने गरिएको,
- यथार्थ जोखिम मूल्याङ्कन नगरी बीमालेख जारी गर्ने गरेको पाइएको,
- व्यवसायको बीमाङ्कीय मूल्याङ्कन तोकिएको समयमा बीमा समितिमा पेश गर्ने नगरिएको,
- परिपालन प्रतिवेदनमा तोकिएका विषयहरू उल्लेख गर्ने नगरेको,
- Fund Management हुनुभन्दा अगाडि नै सहमतिका लागि बीमा समितिमा पेश गर्ने गरिएको, उधारो बीमा गर्ने गरिएको,
- बीमा कम्पनीको वित्तीय विवरण समयमा समितिमा पेश हुन नसकेको,
- बीमा समितिबाट जारी लगानी निर्देशिका, २०७५ बमोजिम तोकिएका क्षेत्रमा लगानी नभएको,
- बीमा सर्भेयरले समयमा प्रतिवेदन नबुझाएको भन्दै बीमा दाबी भुक्तानीमा ढिलाई भइरहेको,
- बीमा कम्पनीको सम्पत्ति खरीद व्यवस्थित र पारदर्शी नदेखिएको,
- कतिपय बीमा कम्पनीले अझै पनि संचालक समितिमा महिला र स्वतन्त्र संचालक नियुक्त नगरेको,
- लेखापरीक्षण र आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी नभएको,
- कृषि तथा पशुपन्छी बीमा गर्न अस्वीकार गर्ने गरिएको,
- बीमालेखमा उल्लेख गरिएभन्दा धेरै गुणा बढी बीमाङ्क कायम गरी बीमा गर्ने गरिएको,
- लघुबीमा व्यवसायलाई प्राथमिकतामा नराखेको,
- प्रदेश तथा शाखा कार्यालयहरूलाई अधिकार प्रत्यायोजन नगरिएको,
- कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि तालिम संचालन नगरेको,
- चेक रियलाइज्ड नभई बीमालेख जारी गर्ने गरिएको,
- तोकिएको रेटिङ्ग भएका पुनर्बीमा कम्पनीमा पुनर्बीमा सम्झौता गर्ने नगरेको,
- सम्मानित उच्च अदालत र बीमा समितिबाट भएका फैसलाहरूको कार्यान्वयन समयमा नै हुने नगरेको,
- जारी निर्देशिका विपरित बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको निर्देशन अनुसार अण्डरराइटिङ्ग र जोखिमाङ्कन हुने गरेको ।

# बीमा क्षेत्रमा अन्तर्राष्ट्रिय सफ्टवेयर goAML लागू

बीमा समितिले वि.सं. २०७८ साल साउन मसान्तभित्रमा सबै बीमा कम्पनीहरूमा सम्पत्ति सुद्धीकरण तथा आतङ्ककारी क्रियाकलापमा वित्तीय लगानी विरूद्धको अन्तर्राष्ट्रिय सफ्टवेयर goAML (Anti Money Laundering System) अनिवार्यरूपले लागू गरेको छ । यसअघि नमूना परीक्षणका रूपमा विभिन्न पाँचवटा जीवन बीमा कम्पनीहरूबाट लागू गर्न शुरू गरिएको goAML अब सबै बीमा कम्पनीहरूमा लागू गरिएको छ ।

अनिवार्यरूपले goAML लागू गर्नुअघि इजाजतप्राप्त सबै जीवन बीमा तथा निर्जीवन बीमा कम्पनीहरूका लागि goAML संचालन सम्बन्धी सैद्धान्तिक एवम् व्यवहारिक जानकारी दिन बीमा समितिबाट मिति २०७८ साल साउन १० गते काठमाडौंमा 'सम्पत्ति सुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा बीमा क्षेत्रमा goAML सफ्टवेयरबाट रिपोर्टिङ्ग' विषयक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीहरूले एकल बीमालेख अन्तर्गत पहिलो प्रिमियम वापत एकैपटक ठूलो रकम लिएर बीमा गर्ने र बीमतिले आठ-दश महिनाभित्रै सरेण्डर गरेर ठूलो रकम निकाल्ने प्रवृत्ति शङ्कास्पद हुने भएकाले त्यसका बारेमा शुरूमै नेपाल राष्ट्र बैङ्कस्थित वित्तीय जानकारी इकाई (FIU) लाई जानकारी दिन बीमा कम्पनीहरूलाई निर्देशन दिनुभयो ।

बीमा कम्पनीहरूमा बीमा गर्नका लागि एकैपटक ठूलो रकम आएमा त्यसको स्रोत के हो र कहाँबाट आयो भन्ने जानकारी लिएर goAML मार्फत FIU लाई जानकारी गराउनुपर्ने र त्यसो नगरेमा सम्बन्धित बीमा कम्पनीलाई बीमा ऐन, २०४९ र सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी कानून बमोजिम कारवाही हुने, उहाँले बताउनुभयो ।

अध्यक्ष सिलवालले बीमा क्षेत्रमा शङ्कास्पद लगानी हुन नदिनका लागि समितिले बीमा कम्पनीहरूलाई बारम्बार पत्राचार र निर्देशन दिएको उल्लेख गर्नुहुँदै विगतका कमी कमजोरीलाई सच्याएर बीमा क्षेत्रमा शङ्कास्पद लगानी हुन नदिनका लागि सदैव चनाखो र सजग हुन कम्पनीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा नेपाल राष्ट्र बैङ्क, वित्तीय जानकारी इकाईका प्रमुख दीर्घबहादुर रावलले बीमा क्षेत्रमा हुने शङ्कास्पद लगानीका बारेमा goAML मार्फत जानकारी दिन बीमा कम्पनीहरूलाई अनुरोध गर्नुभयो ।

बीमा समितिका निर्देशक दिनेश कुमार लालले अन्तर्राष्ट्रिय सफ्टवेयर goAML बाट रिपोर्टिङ्ग गर्ने बारेमा बीमा कम्पनीहरूका परिपालन अधिकृत र सूचना प्रविधि अधिकृतलाई सैद्धान्तिक एवम् व्यवहारिक ज्ञान दिनका लागि कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रममा बीमा समिति र जीवन बीमा तथा निर्जीवन बीमा कम्पनीहरूका सम्पत्ति शुद्धीकरण निवारण विभागका पदाधिकारी एवम् कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रममा सहभागी बीमा कम्पनीका कर्मचारीहरूले आफूले हासिल गरेका goAML संचालन सम्बन्धी जानकारी आ-आफ्ना कम्पनीका जिल्लास्थित शाखा कार्यालयहरूमा कार्यरत कर्मचारीहरूलाई समेत अवगत गराउने छन् भन्ने अपेक्षा समितिले गरेको छ ।

# अध्यक्ष सिलवालबाट काठमाडौंमा सम्पत्ति बीमालाई अनिवार्य गर्न आग्रह



बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यलाई समितिको लोगो अङ्कित मायाको चिन्हो प्रदान गर्नुहुँदै ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले सम्पत्ति बीमालाई काठमाडौंमा समेत अभियानका रूपमा अगाडि बढाउनका लागि आवश्यक पहल गर्न काठमाडौं महानगरपालिकालाई आग्रह गर्नुभएको छ ।

अध्यक्ष सिलवालले काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यसँग यही भदौ २० गते नगर कार्यपालिकाको कार्यालय, राष्ट्रिय सभागृहमा भेट गर्नुभई महानगरभित्रका व्यवसायिक भवन तथा घरको निर्माण सम्पन्न प्रमाणपत्र लिँदा र कर तिर्दा सँगसँगै भवन तथा घरको बीमा गर्नूपर्ने व्यवस्था गर्न आग्रह गर्नुभयो ।

साथै, उहाँले व्यवसाय, पसल र गोदाम संचालनको अनुमति दिँदा तिनको समेत अनिवार्यरूपमा बीमा गर्नुपर्ने व्यवस्था गर्न आग्रह गर्नुहुँदै सम्पत्ति बीमाबाट भविष्यमा भूकम्प, आगलागी, हावाहुरी, बाढी, पहिरो लगायतका विपत्तिका कारण हुने क्षतिको आर्थिक सुरक्षा हुने बताउनुभयो ।

अध्यक्ष सिलवालले बीमा समितिले स्थानीय तहमा अगाडि बढाएको बीमा सचेतना कार्यक्रमलाई काठमाडौंमा पनि वडास्तरमा संचालन गर्नका लागि सहकार्य गर्न समिति तत्पर रहेको जानकारी दिनुभयो ।

भेटका अवसरमा काठमाडौं महानगरपालिकाका प्रमुख विद्यासुन्दर शाक्यले महानगरपालिकाभित्रका :व्यवसायिक भवन, घर, पसल, गोदाम, व्यवसाय लगायतका सम्पत्तिको बीमा गर्नुपर्ने व्यवस्था लागू गर्न तत्पर रहेको बताउनुभयो ।

उहाँले सम्पत्ति बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू संचालनका लागि बीमा समितिसँग सहकार्य गर्न महानगरपालिका इच्छुक रहेको बताउनयो ।

भेटका अवसरमा बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेल, निर्देशकहरू पूजन ढुङ्गेल (अधिकारी) तथा दिनेश कुमार लाल र महानगरपालिकाका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

.........................................................................................

## “बीमा दाबी भुक्तानीका आधारमा बीमा कम्पनीहरूको बर्गीकरण गरिनेछ”



बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल जीवन बीमा कम्पनीका अण्डरराइटिङ्ग सँग सम्बन्धित समस्या र समाधान विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमादाबी भुक्तानीका आधारमा बीमा कम्पनीहरूको बर्गीकरण गर्न शुरू गरिने बताउनुभएको छ ।

अध्यक्ष सिलवालले बीमा कम्पनीहरूबाट बीमा दाबी भुक्तानी नभएको भन्ने धेरै गुनासा संचार माध्यमबाट तथा प्राप्त उजुरी र समितिबाट निरीक्षण गर्दा देखिएको उल्लेख गर्नुहुँदै दाबी भुक्तानीलाई आधार मानेर मात्र बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतको म्याद थप लगायतका विषयमा निर्णय गर्ने बताउनुभयो ।

बीमा समितिबाट मिति २०७८ साल साउन ८ गते काठमाडौंको नक्सालस्थित इन्सुरेन्स इन्ष्टिच्युट नेपाल (IIN) को तालिम हलमा आयोजित ‘जीवन बीमा कम्पनीको अण्डरराइटिङ्ग सँग सम्बन्धित समस्या र समाधान’ विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले आम जनतामा बीमाप्रतिको विश्वास कायम राख्न समेत बीमा कम्पनीहरू कानूनको मार्गदर्शन अनुसार चल्नुपर्ने बताउनुभयो ।

उहाँले बीमा कम्पनीहरूले बीमितसँग सम्झौता गरेर बीमा गरेपछि बीमा दाबी भुक्तानी दिनैपर्छ भन्नुहुँदै बीमा कम्पनीहरू ठीक ट्र्याकमा नगए कारवाही गर्ने चेतावनी दिनुभयो ।

बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलज्यूले बीमा कम्पनीहरूले बीमा गर्न चाहनेको वित्तीय अवस्था र स्वास्थ्य स्थितिका बारेमा राम्रो जानकारी लिएर बीमा गरेमा दाबी भुक्तानीमा समस्या नहुने बताउनुभयो ।

कार्यक्रममा अण्डरराइटिङ्गको महत्व विषयक कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमा समितिका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले बीमा प्रस्तावकको प्रिमियम तिर्न सक्ने क्षमता तथा स्वास्थ्य अवस्था लगायतको उचित मूल्याङ्कन गरेर बीमा कम्पनीहरूले जोखिम व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा जीवन बीमा कम्पनीका अण्डरराइटिङ्ग विभागका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

## अध्यक्ष सिलवालबाट बीमा सहयोग तथा विकास सम्बन्धी अन्तर्राष्ट्रिय बैठकलाई सम्बोधन

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले नेपालमा समावेशी बीमा अर्थात लघु बीमालाई विशेषगरी न्यून आय भएका बर्गमा विपत्तिका कारण आइपर्ने जोखिमका विरूद्ध आर्थिक रक्षावरण गर्ने माध्यमका रूपमा अगाडि बढाइएको बताउनुभएको छ ।

6th Cina ASEAN Summit Forum को बीमा सहयोग तथा विकास (Insurance Cooperation and Development) बैठकलाई हालै भर्चुअल सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले नेपालमा समावेशी बीमालाई उच्च प्राथमिकतामा राखिएको र यो समितिको रणनीति योजना र वार्षिक कार्यक्रमको एक भाग समेत रहेको बताउनुभयो ।

उहाँले नेपालमा कूल जनसङ्ख्याको २६ प्रतिशतमा मात्र बीमाको पहुँच पुगेको र लघु बीमा भने कूल बीमालेखको पाँच प्रतिशतभन्दा कम रहेको जानकारी दिनुभयो ।

अध्यक्ष सिलवालले नेपालमा सबै बीमा कम्पनीहरूलाई लघु बीमालाई विस्तार गर्न कडाई गरे पनि लक्ष्यमा पुग्न अझै टाढा रहेको बताउनुभयो ।

जलवायु परिवर्तनका कारण विश्वभर सिर्जित समस्याहरूबाट हुने हानी नोक्सानीका विरूद्ध आर्थिक सुरक्षाका लागि दीगो हरित बीमालाई अगाडि बढाउनु आवश्यक रहेको बताउनुहुँदै अध्यक्ष सिलवालले यस क्षेत्रको बीमा बजारमा समावेशी बीमा र हरित बीमाको सँगसँगै विकास गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

## निर्जीवन बीमा कम्पनीका अण्डरराइटिङ्ग विभागका प्रमुखहरूसँग अन्तरक्रिया



अन्तरक्रिया कार्यक्रममा सहभागीहरूका साथ बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल, IIN का कार्यकारी निर्देशक भोजराज शर्मा र बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेल (अग्रपङ्क्तिमा दायाँबाट क्रमश:)

बीमा समितिको आयोजनामा 'निर्जीवन बीमा कम्पनीहरूको अण्डरराइटिङ्गसँग सम्बन्धित समस्या र समाधान' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

काठमाडौंको नक्सालस्थित इन्सुरेन्स इन्ष्टिच्युट अफ नेपाल (IIN) को तालिम हलमा मिति २०७८ साल साउन १४ गते भएको अन्तरक्रियामा सबै निर्जीवन बीमा कम्पनीका अण्डरराइटिङ्ग विभागका प्रमुखहरूको सहभागिता रहेको थियो ।

अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले समितिले निर्जीवन बीमा व्यवसायको विकास एवम् विस्तारका लागि कार्य गर्दै आए पनि पाँच प्रतिशतभन्दा माथि निर्जीवन बीमा बढ्न नसकेको बताउनुभयो ।

निर्जीवन बीमा कम्पनीहरूको सुझाव अनुसार समितिले निर्धारण गरेको बीमाको ट्यारिफ दर लागू गर्न पटक पटक निर्देशन दिँदा पनि किन लागू नगरेको

भन्ने प्रश्न गर्नुहुँदै अध्यक्ष सिलवालले अझै पनि बीमा कम्पनीहरूले कानूनका आधारमा काम गरून् भन्ने चाहेको, तर त्यसो नभएमा कारवाही गर्ने चेतावनी दिनुभयो ।

बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले अण्डरराइटिङ्ग गर्दा हरेक पक्षको जोखिम हेर्न र उधारो बीमा नगर्न आग्रह गर्नुहुँदै सम्पत्ति बीमालेख संशोधनको प्रक्रिया अन्तिम चरणमा पुगेको जानकारी दिनुभयो ।

कार्यक्रममा बीमा समितिका निर्देशक पूजन ढुङ्गेल अधिकारीले निर्जीवन बीमा कम्पनीहरूको अण्डरराष्टिङ्गसँग सम्बन्धित वास्तविक .समस्याको समाधानका लागि समितिको आगामी नीति तथा कार्यक्रममा आवश्यक व्यवस्था गरिने बताउनुभयो ।

बीमा समितिका निर्देशिक दिनेश कुमार लालले जोखिम मूल्याङ्कन नगरी अण्डरराइटिङ्ग गर्दा भोली बीमा कम्पनीको दाबी भुक्तानी बढी भई कम्पनी नोक्सानीमा जानसक्ने बताउनुभयो ।

कार्यक्रममा विभिन्न निर्जीवन कम्पनीका अण्डरराइटिङ्ग विभागका प्रमुखहरूले कम्पनीहरूबीच नै अस्वस्था प्रतिस्पर्धा हुने गरेको, व्यवसाय बढाउने नाममा ट्यारिफ दर धान्नै नसक्ने गरी घटाएर बीमालेख जारी गर्ने होड नै चलेको र कम्पनीको माथिल्लो तहदेखि नै अण्डरराइटिङ्मा दवाव आउने गरेको धारणा राख्नुभयो ।

साथै, उहाँहरूले बीमा कम्पनीहरूले शाखा प्रवन्धक नियुक्त गर्दा बीमासम्बन्धी विशेष तालिम प्राप्त गरेको व्यक्तिलाई मात्र नियुक्त गर्ने व्यवस्था गर्नुपर्ने, ठूला आयोजनाका लागि रेटिङ्ग गाइडलाइन ल्याउनुपर्ने, प्रस्ताव फारम अझै सरल हुनुपर्ने, कम्पनीहरूले खेल्न ठाउँ नै नपाउने गरी पोलिसी जारी गर्नुपर्ने लगायतका सुझावहरू दिनुभयो ।

कार्यक्रममा सबै निर्जीवन बीमा कम्पनीका अण्डरराइटिङ्ग विभागका प्रमुखहरूको सहभागिता रहेको थियो ।

---

## जीवन बीमा र निर्जीवन बीमा सम्बन्धी एकीकृत पुनर्बीमा निर्देशिका जारी गरिने

बीमा समितिले जीवन बीमा सम्बन्धी पुनर्बीमा निर्देशिका, २०६५ र निर्जीवन बीमा सम्बन्धी पुनर्बीमा निर्देशिका, २०६५ लाई परिमार्जन गरी एकीकृत निर्देशिका जारी गर्न लागेको छ । त्यसका लागि जीवन तथा निर्जीवन बीमा सम्बन्धी निर्देशिकाको मस्यौदा तयार गरी अन्तिम रूप दिने कार्य भइरहेको बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले जानकारी दिनुभयो ।



कार्यक्रममा एकीकृत निर्देशिकाको मस्यौदाका बारेमा जानकारी दिनुहुँदै बीमा समितिका निर्देशक सुशीलदेव सुवेदी ।

लागि जीवन बीमा कम्पनीहरूका पुनर्बीमा विभागका कर्मचारीहरूबाट सुझाव लिन मिति २०७८ साल भदौ २ गते काठमाडौंमा आयोजित अन्तरक्रिया कार्यक्रममा निर्देशक सुवेदीले हालको जीवन र निर्जीवन बीमा सम्बन्धी पुनर्बीमा निर्देशिकलाई परिमार्जन गरी अझै

व्यवहारिक तुल्याउनका लागि आवश्यक सुझाव लिन कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

हरेक बीमा कम्पनीले आफ्नो बीमा जोखिमाङ्कन नीति, नेट वर्थ र जोखिम अनुरूप पुनर्बीमा नीति बनाएर सोही अनुसार पुनर्बीमा गर्नुपर्ने र त्यसरी पुनर्बीमा गर्दा पुनर्बीमा व्यवस्थाको सम्झौताका लागि पुनर्बीमा कम्पनीबाट प्राप्त हुने सम्झौताको गहन अध्ययन गर्नुपर्ने, उहाँले बताउनुभयो ।

निर्देशक सुवेदीले बीमा कम्पनीहरूले पुनर्बीमा गर्दा राम्रो रेटिङ्ग भएका पुनर्बीमा कम्पनीसँग पुनर्बीमा गर्नुपर्ने र प्रत्येक बीमा कम्पनीले कम्तीमा तीनजना कर्मचारी सहितको छुट्टै पुनर्बीमा विभाग स्थापना गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा इन्सुरेन्स इन्स्टिच्युट नेपालका कार्यकारी निर्देशक भोजराज शर्माले पुनर्बीमा भनेको जोखिमको लगानी भएकाले बीमा कम्पनीहरूले थोरै थोरै भए पनि जोखिम छर्नु (spread) गर्नुपर्ने धारणा राख्नुभयो ।

यसैगरी, बीमा समितिका निर्देशक दिनेश कुमार लालले बीमा कम्पनीहरूको जोखिम व्यवस्थापनको महत्वपूर्ण औजार पुनर्बीमा भएकाले बीमा सम्झौताको गहन अध्ययनका साथै आफ्नो क्षमता र अनुभवका आधारमा पुनर्बीमा गर्नुपर्ने बताउनुभयो । साथै, उहाँले विगतमा बीमा कम्पनीहरूले कमजोर रेटेड पुनर्बीमकको छनौट गरेका कारणले लिनुपर्ने पुनर्बीमाको रकम प्राप्त गर्न नसकेकाले कम्पनीहरूको वित्तीय विवरणमा नोक्सानी देखिएको बताउनुभयो ।

बीमा समितिका निर्देशक पूजन ढुङ्गेल अधिकारीले बीमा कम्पनीका पुनर्बीमा विभागबाट पुनर्बीमा गर्दा के कस्ता समस्या आइपरेका छन् र तिनको समाधानका लागि कस्तो नीति आवश्यक पर्छ भन्ने कुरालाई ध्यानमा राखी ठोस सुझाव दिन आग्रह गर्नुभयो ।

छलफलमा जीवन बीमा कम्पनीका पुनर्बीमा विभागका प्रमुखहरूले नेपाली पुनर्बीमा कम्पनीबाट राम्रो रेस्पोन्स नपाउने गरेको, पुनर्बीमाको दाबीको भुक्तानी समयमा नहुने गरेको, हाल प्रचलनमा रहेको सन् २००९ मृत्युदर (Mortality) र विरामी (Morbidity) को दर हाल घटेकाले सोही अनुसारको तथ्याङ्क उपलब्ध गराउनुपर्ने, अन्य मुलुकमा महिला र पुरूषलाई एउटै मानेर पुनर्बीमा हुने गरेकाले नेपालमा पनि सोही अनुसारको व्यवस्था लागू गर्नुपर्ने लगायतका सुझावहरू दिनुभएको थियो ।

साथै, उहाँहरूले पुनर्बीमाको कार्यलाई सहज तुल्याउन बीमा समिति, पुनर्बीमा कम्पनी र बीमा कम्पनीहरूबीच समन्वय हुनुपर्ने आवश्यकता पनि औंल्याउनुभयो ।

## निर्जीवन बीमा कम्पनीहरूको दाबी भुक्तानी विषयक अन्तरक्रिया

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा कम्पनीहरूलाई काठमाडौं उपत्यकामा मात्र सीमित नभई उपत्यका बाहिरका शहरी तथा ग्रामीण क्षेत्रसम्म बीमाको बजार विस्तार गर्न निर्देशन दिनुभएको छ ।

बीमा समितिको आयोजनामा मिति २०७८ साल भदौ ३ गते काठमाडौंमा आयोजित 'निर्जीवन बीमा कम्पनीहरूको दाबी भुक्तानीसँग सम्बन्धित समस्या र समाधान' विषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले बीमाको पहुँच विस्तारका

लागि बीमाका नयाँ नयाँ प्रोडक्ट ल्याउन पनि निर्देशन दिनुभयो ।

'अहिले ठूलो समस्या निर्जीवन बीमा दाबी भुक्तानीमा छ, दाबी भुक्तानीमा १०-२० प्रतिशत समस्या होला, तर शत्प्रतिशत् समस्या हुनै सक्तैन' अध्यक्ष सिलवालले भन्नुभयो, 'निर्जीवन बीमा गर्दा देखिएका विकृति, विसङ्गति हटाउनु पर्‍यो, सुशासन कायम गर्नु पर्‍यो, समयमै दाबीको भुक्तानी गरेर बीमा बजारलाई विश्वसनीय बनाउनु पर्‍यो ।'

बीमा समितिको एकल प्रयासले मात्र बीमा बजारको विकास एवम् विस्तार नहुने उल्लेख गर्नुहुँदै उहाँले बीमा बजारको समग्र विकास एवम् विस्तारका लागि बीमा समिति र बीमा कम्पनीहरूको सामूहिक प्रयास आवश्यक रहेको बताउनुभयो ।

बीमा समितिका निर्देशक दिनेश कुमार लालले निर्जीवन बीमा कम्पनीहरूको दाबी भुक्तानीको अवस्थाका सम्बन्धमा प्रस्तुती गर्नुहुँदै बीमा दाबी भुक्तानी छिटो छरितो र सहज भएमा मात्र बीमा बजारको विकास एवम् विस्तार हुनुका साथै बीमाप्रतिको विश्वास समेत बढ्ने भएकाले बीमा समयमै दाबीको भुक्तानी गर्नुपर्ने बताउनुभयो ।

उहाँले बीमा दाबी भुक्तानीको कार्यविधि बनाउन र आवश्यकता अनुसार कार्यविधि परिमार्जन गर्न, दाबी भुक्तानीलाई कम्पनीको प्राथमिकतामा राख्न र दाबी भुक्तानीको केही अधिकार प्रदेश तथा शाखा कार्यालयहरूमा प्रत्यायोजन गर्न निर्जीवन बीमा कम्पनीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा निर्जीवन बीमा कम्पनीका दाबी विभागका प्रमुखहरूले मोटर तथा घाइतेको बीमा दाबी एक दुई वर्षपछि समेत आउने गरेकाले बीमितिहरूले बीमाको दाबीका लागि कागजात बुझाउने निश्चित समयावधि बीमा समितिले तोक्नुपर्ने, बीमा सर्भेयरले रिपोर्ट दिने अवधि छोट्याउनुपर्ने, बीमा सर्भेयरको सङ्ख्या बढाउनुपर्ने, पटक पटक आग्रह गर्दा पनि बीमितले कागजात नबुझाएमा दाबी क्लोज गर्न पाउने व्यवस्था गर्नुपर्ने, बीमा सूचना केन्द्र स्थापना गर्नुपर्ने लगायतका सुझावहरू दिनुभएको थियो ।

कार्यक्रममा सबै निर्जीवन बीमा कम्पनीका दाबी भुक्तानी विभागका प्रमुखहरूको सहभागिता रहेको थियो ।

## बीमा सर्भेयर तालिम संचालन

बीमा समितिले बीमा क्षेत्रका लागि आवश्यक सङ्ख्यामा बीमा सर्भेयर उपलब्ध गराउने उद्देश्यले बीमा सर्भेयरको आधारभूत तालिम दिन शुरू गरेको छ । समितिले बीमा सर्भेयरको तालिमका लागि दरखास्त आह्वान गरे बमोजिम प्राप्त आवेदनहरूमध्येबाट First Come First Priority का आधारमा चरणवद्धरूपमा तालिम दिन शुरू गरेको हो ।

काठमाडौंको नक्सालस्थित इन्सुरेन्स इन्ष्टिच्युट नेपालमा मिति २०७८ साल भदौ १० देखि १४ गतेसम्म पहिलो र भदौ १६ देखि २० गतेसम्म दोस्रो चरणको तालिम दिइएको थियो ।

कोरोना भाइरसको सङ्क्रमणको जोखिमलाई ध्यानमा राखी आवश्यक स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गरी आयोजना गरिएका तालिममा २५-२५ जना गरी जम्मा ५० जनाको सहभागिता रहेको थियो ।

पहिलो चरणको तालिम समापन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमा सर्भेयरको कमीका कारण बीमाको दाबी भुक्तानी ढिलो भएको भन्ने बीमा कम्पनीहरूको गुनासो रहेको र बजारमा पनि बीमा सर्भेयरको कमी देखिएकाले आवश्यक सङ्ख्यामा सर्भेयरको व्यवस्था गर्न तालिम आयोजना गरिएको बताउनुभयो ।

कार्यकारी निर्देशक पौडेलले तालिमका सहभागीहरूलाई बीमा सर्भेयरको कामका बारेमा सैद्धान्तिक ज्ञान सँगसँगै व्यवहारिक ज्ञान समेत दिनका लागि बीमा कम्पनीहरूमा गएर १५ दिन इन्टर्नसिप गर्ने व्यवस्था मिलाइएको जानकारी दिनुभयो ।

बीमा सर्भेयर तालिमका लागि योग्यता पुगेका आवेदनकर्ताहरूलाई चरणवद्धरूपमा तालिम गर्दै जाने कार्यक्रम रहेको छ ।

तथा पशुपन्छी विकास मन्त्रालय, कृषि विभाग र पशु सेवा विभागका प्रतिनिधिहरूका साथै सम्बन्धित क्षेत्रका एकजना विज्ञ रहनुभएको एक उपसमिति गठन गरेको छ । उपसमितिको सदस्य-सचिवमा समितिका निर्देशक रहनुभएको छ ।

## कृषि तथा पशुपन्छी बीमाको अनुगमन

बीमा समितिले कृषि तथा पशुपन्छी बीमा व्यवसाय गर्ने बीमा कम्पनीहरूबाट भइरहेको कृषि तथा पशुपन्छी बीमाको अनुगमन गर्न शुरू गरेको छ ।

विभिन्न बीमा कम्पनीहरूले गरेका कृषि तथा पशुपन्छी बीमाका सरोकारवालाहरूबाट गुनासो आउन थालेका र कृषि तथा पशुपन्छी बीमा सम्बन्धी निर्देशिका समेत पालना नगरेको भेटिएपछि समितिले अनुगमन गर्न शुरू गरेको हो ।

कृषि तथा पशुपन्छी बीमा संचालनमा देखिएका समस्याहरूको पहिचान गरी समाधान गर्न अनुगमनबाट सहज हुने विश्वास गरिएको छ ।

## कृषि तथा पशुपन्छी बीमालेख परिमार्जन गरिँदै

बीमा समितिले हाल प्रचलनमा रहेका कृषि तथा पशुपन्छी बीमालेखहरूलाई समय सापेक्षरूपमा परिमार्जन गर्ने कार्यलाई अगाडि बढाएको छ ।

साथै, समितिमा माग भई आए बमोजिमका बीमालेखहरू बनाउने कार्य पनि शुरू भएको छ । जसअन्तर्गत ड्रागन फ्रुट, किबी र नर्सरी बीमालेख लगायत रहेका छन् । यसमा पनि ड्रागन फ्रुटको बीमालेख बनाउने कार्य शुरू भइसकेको छ ।

समितिले बीमालेख परिमार्जन गरी संशोधनका लागि समितिका कार्यकारी निर्देशकको संयोजकत्वमा कृषि

## 'स्थानीय तहसँग बीमा समिति' अन्तर्गत आयोजित अन्तरक्रिया कार्यक्रमहरू

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले समितिको आ.व. २०७८/७९ को स्वीकृत वार्षिक कार्यक्रममा उल्लेख भए बमोजिम यस आ.व. मा एक सयवटा स्थानीय तहमा बीमा सचेतना कार्यक्रम आयोजना गर्न समितिका निर्देशक लगायत कर्मचारीहरूलाई निर्देशन दिनुभएको छ ।

अध्यक्ष सिलवालले दिनुभएको निर्देशन अनुसार, समितिका निर्देशक सहितका कर्मचारीहरूले स्थानीय

तहहरूसँग समन्वय गरी 'स्थानीय तहसँग बीमा समिति' विषयक बीमा सचेतनामूल अन्तरक्रिया कार्यक्रमहरू संचालन गर्दै आउनुभएको छ ।

## पाँचखाल नगरपालिकामा बीमा सम्बन्धी सचेतना कार्यक्रम सम्पन्न

बीमा समितिको आयोजनामा मिति २०७८ साल असार २३ गते काभ्रेपलाञ्चोक जिल्लाको पाँचखाल नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।



पाँचखालमा आयोजित कार्यक्रममा सहभागीहरूका साथ बीमा समितिका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) (अगाडि)

कार्यक्रममा सहभागीहरूलाई जीवन बीमा, निर्जीवन बीमा, कृषि तथा पशुपन्छी बीमा, सम्पत्ति बीमा तथा लघु बीमा सम्बन्धी व्यवस्थाका बारेमा जानकारी दिइएको थियो ।

साथै कृषि तथा पशुपन्छी बीमा तथा लघु बीमा अर्न्तगत बीमा गर्दा बीमाशुल्कमा पाइने अनुदान र सम्पत्ति बीमा गर्दा पाइने कर छूटको विषयमा समेत जानकारी दिइएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि पाँचखाल नगरपालिकाका प्रमुख महेश खरेलले कृषि तथा पशुपन्छी बीमा र घर तथा सम्पत्तिको बीमा गरेमा भविष्यमा आइपर्न सक्ने विपत्तिबाट हुने आर्थिक क्षतिको जोखिम बीमाले बहन गर्ने बताउनुभयो । उहाँले दैनिक खर्च कम गरेर भए पनि सम्पत्ति बीमा र कृषि तथा पशुपन्छी बीमा गर्न नगरबासीलाई आग्रह गर्नुभयो ।

प्रमुख खरेलले नगरपालिकामा जीवन बीमा र निर्जीवन बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका लागि जनचेतनामूलक कार्यक्रमहरूलाई आगामी दिनमा पनि बीमा समितिसँग समन्वय गरेर अगाडि बढाउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा बीमा समितिका निर्देशक पूजन ढुङ्गेल अधिकारीले जीवन बीमा, निर्जीवन बीमा, सम्पत्ति बीमा, लघु बीमाका साथै कृषि तथा पशुपन्छी बीमा सम्बन्धी व्यवस्थासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो ।

निर्देशक अधिकारीले कार्यक्रमबाट प्राप्त हुने सुझावहरूलाई समितिले गम्भीररूपमा लिने र सोही अनुसार आगामी दिनमा बीमासम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गरिने बताउनुभयो ।

अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले कृषि तथा पशुपन्छी बीमामा प्रदान गरिदै आएको बीमाशुल्कमा सरकारले दिने गरेको अनुदान नघटाई यथावत राख्नुपर्ने, बीमा कम्पनीहरूले बीमा दाबी भुक्तानीमा ढिलाई गर्ने गरेकाले त्यसतर्फ बीमा समितिको ध्यान जानुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै बीमा समितिका उपनिर्देशक पुनम ज्ञवाली श्रेष्ठले बीमा सचेतना कार्यक्रमलाई समितिले अभियानका रूपमा

अगाडि बढाउँदै लगेको बताउनुभयो । कार्यक्रमको सञ्चालन समितिका सहायक निर्देशक शम्भुप्रसाद मिश्रले गर्नुभएको थियो ।

स्वास्थ्य मापदण्डको पालना र सामाजिक दूरी कायम गरेर आयोजना गरिएको कार्यक्रममा पाँचखाल नगरपालिकाका उपप्रमुख तथा सबै वडाका वडा अध्यक्ष तथा सदस्यहरूका साथै कृषक लगायत सर्वसाधारण गरी ८० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

## जलेश्वरमा बीमा सचेतना कार्यक्रम आयोजना

बीमा समितिले स्थानीय तहमा बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रमलाई अभियानका रूपमा अघि बढाउने क्रममा प्रदेश नं. २ को महोत्तरीको जलेश्वर नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।



जलेश्वर नगरपालिकामा आयोजित कार्यक्रममा सहभागीहरू ।

मिति २०७८ साल असार २१ गते जलेश्वर नगरपालिकामा आयोजित कार्यक्रममा प्रमुख अतिथि जलेश्वर नगरपालिकाका प्रमुख रामशङ्कर मिश्रले बीमा समितिले स्थानीय तहसँग समन्वय नगरेसम्म बीमाको विस्तार हुन नसक्ने भएकाले बीमाको पहुँच विस्तारका लागि स्थानीय तहसँग समन्वय गर्न समितिलाई आग्रह गर्नुभयो ।

प्रमुख मिश्रले नगरबासीलाई बीमा गर्नका लागि प्रोत्साहित गर्न आवश्यक सुविधाको व्यवस्था गर्न नगपालिका तयार रहेको जानकारी दिनुहुँदै आगामी दिनमा बीमा सेवा विस्तारमा जोड दिने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा बीमा समितिका निर्देशक दिनेश कुमार लालले कृषि बीमा, पशुपन्छी बीमा, सम्पत्ती बीमा र जीवन बीमालाई स्थानीय तहका सेवासँग जोडेर अगाडि बढाउन नगरपालिकासँग आग्रह गर्नुभयो । बीमाबाट समाजमा पछाडि परेका र न्यून आय भएका बर्ग, कृषक, महिला, विभिन्न पेशा व्यवसायमा संलग्न व्यक्ति, उद्योगी, व्यवसायी लगायत सबैलाई फाइदा हुने भएकाले बीमा गर्न सम्बद्ध सबैसँग समितिले आग्रह गर्दै आएको उहाँले बताउनुभयो ।

निर्देशक लालले जीवन बीमा गर्दा आयको रू. २५ हजारमा कर छूट हुने र कृषि बीमा गर्दा लाग्ने प्रिमियमको ५० प्रतिशत सरकारले अनुदान दिने गरेको तत्कालिन व्यवस्थाका बारेमा जानकारी दिनुभयो । उहाँले महोत्तरी जिल्लामा बीमाको पहुँच सात प्रतिशत मात्र रहेकाले गाउँ गाउँमा गएर बीमा गराउन स्थानीय बीमा कम्पनीका प्रमुखहरूलाई निर्देशन दिनुभयो ।

बीमा समितिका सहायक निर्देशक पूर्णबहादुर थापाले कार्यक्रममा सहभागीहरूलाई स्वागत गर्दै स्थानीयस्तरमा बीमाको पहुँच बढाउनका लागि

स्थानीय तहका साथै सम्बद्ध सरोकारवालाको भूमिका महत्वपूर्ण हुने बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले कृषि बीमा गर्न चाहे पनि बीमा कम्पनीहरू नआएका कारण कृषि बीमा गर्न नपाएको र बीमा गर्न सजिलो भए पनि बीमा कम्पनीहरूले दाबी भुक्तानीमा धेरै ढिलो गर्ने गरेको गुनासो गर्नुभयो ।

यसैगरी, महोत्तरी जिल्ला सदरमुकाममा पनि निर्जीवन बीमा कम्पनीका शाखा स्थापना गर्नुपर्ने, कृषि तथा पशुपन्छी बीमा विस्तारका लागि ग्रामीणस्तरसम्म बीमकबाट सेवा प्रवाह हुने व्यवस्था गर्नुपर्ने, बीमा कम्पनीहरूलाई पनि बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू गर्न निर्देशन दिनुपर्ने र बीमा समिति स्वयम्ले पनि बीमा सचेतना कार्यक्रमलाई नियमितरूपमा संचालन गर्नुपर्ने सुझाव सहभागीहरूले दिनुभएको थियो ।

कार्यक्रममा बीमाको परिचय, बीमाका प्रकार, बीमाको महत्व र बीमा दाबी भुक्तानी प्रक्रियाका बारेमा समेत जानकारी दिइएको थियो ।

सामाजिक दूरी कायम गरी आवश्यक स्वास्थ्य सतर्कताका साथ आयोजना गरिएको अन्तरक्रिया कार्यक्रममा नगरपालिकाका सबै वडाका वडा अध्यक्ष र सदस्य, बीमा कम्पनी र बैङ्कका शाखा कार्यालयका प्रमुखहरू, विविध पेशा व्यवसायमा संलग्न व्यक्ति, प्राध्यापक, शिक्षक, संचारकर्मी र सर्वसाधारण गरी १५० जनाभन्दा बढीको सहभागिता रहेको थियो ।

कार्यक्रममा सहभागीहरूलाई बीमा समितिले प्रकाशन गरेका कृषिबाली तथा पशुपन्छी बीमा सम्बन्धी जानकारीमूलक पुस्तिका र बीमासम्बन्धी सामान्य जानकारी समेटिएको ब्रोसर समेत वितरण गरिएको थियो ।

स्थानीय नागेन्द्र लाल कर्णले संचालन गर्नुभएको कार्यक्रम मैथिली भाषामा भएको थियो ।

## महोत्तरीको मटिहानीमा बीमा सचेतना कार्यक्रम सम्पन्न

स्थानीय तहमा बीमा सम्बन्धी जनचेतनामूलक कार्यक्रमलाई प्रभावकारीरूपमा विस्तार गर्दै जाने क्रममा प्रदेश नं. २ को महोत्तरी जिल्लाको मटिहानी नगरपालिकामा बीमासम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डल र बीमा समितिका निर्देशक दिनेश कुमार लाल सहित अतिथिहरू ।

बीमा समितिबाट मिति २०७८ साल असार २२ गते मटिहानी नगरपालिकामा आयोजित कार्यक्रममा मटिहानी नगरपालिकाका प्रमुख हरिप्रसाद मण्डलले स्थानीय तहबाट प्रवाह गरिने सेवालाई बीमासँग जोडेर प्रवाह गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

प्रमुख मण्डलले नगरपालिकामा बीमा सम्बन्धी चेतना धेरै न्यून रहेको र कृषि तथा पशु बीमाका बारेमा करिव पाँचदेखि १० प्रतिशत जनताले मात्र थाहा पाएको उल्लेख गर्नुहुँदै बीमासम्बन्धी चेतनामूलक सामग्रीहरू स्थानीय भाषामा समेत तयार गरी प्रचार प्रसार गर्न बीमा समितिसँग आग्रह गर्नुभयो ।

कार्यक्रममा बीमा समितिका निर्देशक दिनेशकुमार लालले बीमाको परिचय, बीमाको महत्व, बीमा गर्ने तरिका, दाबी भुक्तानी प्रक्रियाका साथै कृषि तथा पशुपन्छी बीमा, लघु बीमा लगायत विभिन्न प्रकारका बीमाका बारेमा जानकारी दिनुभएको थियो ।

उहाँले बीमा गरी संभावित जोखिमबाट मुक्त हुन र बीमा कम्पनीहरूबाट दाबी भुक्तानीमा ढिलाई भए समितिलाई जानकारी दिन आग्रह गर्नुभयो ।

साथै, उहाँले भारतीय बीमा कम्पनीहरूसँग बीमा नगर्न आग्रह गर्दै कार्यक्रमबाट प्राप्त समस्याहरूका बारेमा बीमा समितिका अध्यक्षज्यूलाई जानकारी गराउने बताउनुभयो ।

बीमा समितिका सहायक निर्देशक पूर्णबहादुर थापाले कार्यक्रममा सहभागीहरूको स्वागत गर्दै बीमा सम्बन्धी जनचेतना बढाउनका लागि कार्यक्रम आयोजना गरिएको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले जिल्लामा अझै पनि धेरै जनाले भारतीय बीमा कम्पनीहरूसँग बीमा गर्ने गरेको, भारतीय बीमा एजेन्टहरूले स्थानीयहरूबाट बीमा प्रिमियम असूल गरिरहेको, नगरपालिकामा बीमा सम्बन्धी चेतनास्तर धेरै नै कम रहेको र बीमा गर्नेहरूले पनि एक दुई किस्ता प्रिमियम तिरेपछि सरेण्डर गर्ने गरेको जस्ता समस्याका बारेमा जानकारी दिनुभएको थियो ।

यसैगरी, बीमकले कर्मचारीको दक्षता अभिवृद्धिका लागि तालिम संचालन गर्नुपर्ने, बीमा नियमावलीमा रहेको २५ प्रतिशत कमिशन रकमलाई कम गरी कमिशन पाउने वर्ष बढाउनुपर्ने र यसो गर्दा बीमालेख समर्पण गर्ने अनुपात कम हुने, बीमाको दायरा बढाउनका लागि बीमकलाई लघु बीमा र पशुपन्छी बीमाका सम्बन्धमा प्रतिशत निर्धारण गरी लक्ष्य तोक्नुपर्ने, बीमा समितिले नियमितरूपमा बीमा सम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रमहरू संचालन गर्नुपर्ने लगायतका सुझावहरू उहाँहरूले दिनुभएको थियो ।

कार्यक्रममा महिटानी नगरपालिकाका सबै वडाका वडा अध्यक्ष र सदस्य, नेपाल उद्योग वाणिज्य महासंघका जिल्ला अध्यक्ष, प्राध्यापक, विभिन्न विद्यालयका प्रधानाध्यापक, उद्योगी व्यवसायी, बीमकका शाखा प्रमुख, संचारकर्मी, सर्वसाधारण लगायत गरी करिव १७० जनाको सहभागिता रहेको थियो ।

## बीमा सचेतना कार्यक्रम संचालन सम्बन्धी छलफल

बीमा समितिका पदाधिकारी र नेपाल इन्स्रोरेन्स प्रोफेशनल सोसाइटी (NIPS) को २ नं. प्रदेश कार्यसमितिका पदाधिकारीहरूबीच २ नं. प्रदेशमा जीवन र निर्जीवन बीमाको पहुँच विस्तारका लागि आपसी समन्वयमा जनचेतनामूलक कार्यक्रमलाई सघनरूपमा अगाडि बढाउने सम्बन्धमा छलफल भएको छ ।

मिति २०७८ साल साउन २३ गते जनकपुरधाममा भएको अन्तरक्रिया कार्यक्रममा बीमा समितिका निर्देशक दिनेश कुमार लालले भारतीय बीमा

कम्पनीसँग बीमा गर्दा आइपर्ने समस्याका बारेमा जानकारी दिएर नेपालकै बीमा कम्पनीहरूमा बीमा गर्नका लागि प्रोत्साहित गर्न NIPS ले महत्वपूर्ण भूमिका खेल्न सक्ने बताउनुभयो ।

निर्देशक लालले स्थानीय तह र निप्सबाट प्राप्त सुझावहरू बीमा क्षेत्रको विकास एवम् विस्तारको कार्यलाई प्रभावकारीरूपमा अगाडि बढाउन महत्वपूर्ण सावित हुने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा नेपाल इन्सोरेन्स प्रोफेशनल सोसाइटी (निप्स) को २ नं. प्रदेश कार्यसमितिका अध्यक्ष अर्जुन पौडेलले बीमा समितिले प्रदेशस्तरमा पनि कर्मचारीको बीमा सम्बन्धी दक्षता अभिवृद्धिका लागि तालिम आयोजना गर्नुपर्ने र स्थानीयस्तरमा स्थानीय भाषामा बीमा सम्बन्धी जानकारीहरू प्रचार प्रसार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

## रौटहटको गौरमा बीमा सचेतना कार्यक्रम सम्पन्न




कार्यक्रममा बीमाका बारेमा जानकारी दिनुहुँदै बीमा समितिका निर्देशक दिनेश कुमार लाल ।

बीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले गत साउनमा रौतहटको गौरमा बीमा सचेनतना कार्यक्रम सम्पन्न भएको छ ।

बीमा समितिको आयोजनामा भएको कार्यक्रममा गौर नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, उद्योगी, व्यवसायी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका कर्मचारी, शिक्षक, संचारकर्मी, कृषक, सर्वसाधारण गरी १५२ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि गौर नगरपालिकाका प्रमुख अजय कुमार गुप्ताले निर्जीवन बीमा कम्पनीले बीमाका लागि प्रिमियम लिएको तर दाबी भुक्तानी भने धाउँदा धाउँदा जुत्ताको तलुवा खिइसक्दा पनि नदिएको गुनासो गर्नुभयो ।

साथै, उहाँले आँफको बीमा गर्ने व्यवस्था गरिदिन बीमा समितिलाई आग्रह गर्नुभयो ।

बीमा समितिका निर्देशक दिनेश कुमार लालले बीमा कम्पनीहरूले बीमा दाबी भुक्तानी नगरेमा वा कम रकम दिएमा बीमा समितिमा उजूरी गर्न सकिने व्यवस्था रहेको बताउनुभयो ।

उहाँले चालू आर्थिक वर्षमा नै गौरमा निर्जीवन बीमा कम्पनीको शाखा कार्यालय स्थापना हुने जानकारी दिनहुँदै बीमाको पहुँच विस्तारका लागि स्थानीय भाषामै बीमासम्बन्धी चेतनामूलक कार्यक्रमहरू आयोजना गर्ने गरिएको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा सर्भेयरले दाबी मूल्याङ्कनमा दु:ख दिने गरेको गुनासो गर्नुभयो ।

उहाँहरूले कोरोना बीमाको दाबी भुक्तानी हालसम्म नपाएको भन्दै अब कहिले पाइन्छ भन्ने प्रश्न पनि गर्नुभयो ।

## सर्लाहीको मलङ्गवामा बीमा सचेतना कार्यक्रम आयोजना

बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यही साउन १८ गते सर्लाहीको मलङ्गवामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।



मलङ्गवा नगरपालिकामा आयोजित कार्यक्रममा सहभागीहरू ।

बीमा समितिबाट आयोजित कार्यक्रममा मलङ्गवा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी व्यवसायी, संचारकर्मी, किसान, सर्वसाधारण गरी १४८ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अथिति मलङ्गवा नगरपालिकाका प्रमुख निरसल साहले नगरपालिकाको वार्षिक नीति तथा कार्यक्रममा बीमालाई पनि समावेश गर्ने र घर बीमालाई अनिवार्य बनाउन नीतिगत व्यवस्था गर्ने जानकारी दिनुभयो ।

बीमा समितिका निर्देशक दिनेश कुमार लालले समितिले कृषि तथा पशुपन्छी बीमा र लघुबीमाको पहुँच विस्तारलाई प्राथमिकता दिएको र बीमा दाबी भुक्तानी प्रक्रियालाई सरल, पारदर्शी एवम् प्रभावकारी बनाउन जोड दिँदै आएको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा दाबी भुक्तानी प्रक्रिया सरल हुनुपर्ने, बीमा दरमा एकरूपता हुनुपर्ने, कारोना बीमा दाबी भुक्तानी छिटो हुनुपर्ने, प्रदेश नं. २ मा बीमाको पहुँच बढाउनका लागि बीमा शिक्षामा जोड दिनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

## रौतहटको गरूडामा बीमा सचेतना कार्यक्रम

बीमा समितिको आयोजनामा रौतहटको गरूडा नगरपालिकामा बीमा सचेतनासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । यही साउन २२ गते भएको कार्यक्रममा गरूडा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, शिक्षक, उद्योगी व्यवसायी, बैङ्क तथा बीमा कम्पनीका प्रतिनिधि, बीमा अभिकर्ता, कृषक तथा सर्वसाधारण गरी २४१ जनाको सहभागिता रहेको थियो ।




कार्यक्रममा बीमाका बारेमा जानकारी दिनुहुँदै बीमा समितिका निर्देशक दिनेश कुमार लाल ।

कार्यक्रममा प्रमुख अतिथि गरूडा नगरपालिकाका प्रमुख इनु राय यादवले नगरपालिकामा जग्गासम्बन्धी

कामका लागि आउने सेवाग्राहीलाई बीमाको महत्वका बारेमा जानकारी गराएर बीमा गर्न प्रोत्साहित गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

प्रमुख यादवले नगरपालिकाले छोरीको उज्ज्वल भविष्यलाई ध्यानमा राखेर छोरी जन्मने वित्तिकै बीमा गर्नका लागि समेत नगरपालिकाले पहल गर्ने बताउनुभयो ।

बीमा समितिका निर्देशक दिनेश कुमार लालले जीवन तथा सम्पत्तीको बीमा गरी भविष्यमा आइपर्ने विपत्तिबाट हुने जोखिमबाट हुनसक्ने आर्थिक नोक्सानीको परिपूर्तिका लागि बीमा गर्नु आवश्यक रहेको बताउनुभयो ।

उहाँले बीमा गरेकाहरूले बीमा कम्पनीहरूबाट समयमा नै बीमा रकम भुक्तानी नपाएमा वा बीमा गर्दा कुनै समस्या परेमा बीमा समितिलाई मौखिक वा लिखितरूपमा जानकारी दिन आग्रह गर्दै बीमा दाबी भुक्तानी समस्या समाधानका लागि बीमा समिति प्रतिवद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीका प्रतिनिधिहरूबाट सही सूचना नपाएको, कतिपय कम्पनीहरूले ठूलो रकम पाउने लोभ देखाएर बीमा गर्न लगाउने तर पछि नदिने गरेको, कृषि बीमा गर्न समस्या परेको, बीमा सर्भेयरले थप रकम माग्ने गरेको लगायतका समस्याहरूबारे जानकारी दिनुभएको थियो ।

स्थानीय शिवचन्द्र साहले संचालन गर्नुभएको उक्त कार्यक्रम स्थानीय भाषामा संचालन भएको थियो ।

.................................................................................

# बीमासम्बन्धी जानकारी

**१. बीमाको परिचय :**

बीमा भनेको मानव जीवनमा आइपर्ने विभिन्न किसिमका जोखिम व्यवस्थापन तथा न्यूनीकरण गर्ने उपकरणहरू मध्येको एक महत्वपूर्ण उपकरण हो । अर्थात् अनिश्चित जोखिम हस्तान्तरण गरी क्षतिपूर्ति प्राप्त गर्ने माध्यम बीमा हो ।

बीमा गर्दा बीमा गरिएको बस्तुमा हुने जोखिमको क्षतिपूर्तिको भाग बीमितवाट बीमा कम्पनीमा सार्ने काम गरिन्छ । बीमा गरिए पश्चात् बीमा गरिएको वस्तुमा तोकिएको जोखिमवाट हानी-नोक्सानी भएमा आफूले स्वीकार गरे अनुसारको मूल्याङ्कनबाट तोकिएको हदबाट नबढ्ने गरी बीमा कम्पनीले क्षती वापतको क्षतिपूर्ति रकम बीमितलाई व्यहोर्ने गर्दछन् ।

**२. बीमाका प्रकार :**

सामान्यतया बीमा तीन प्रकारका हुन्छन्, जीवन बीमा, निर्जीवन बीमा र पुनर्बीमा ।

**(क) जीवन बीमा :**

जीवन बीमा भनेको मानिसको जीवनसँग सम्बन्धित हुन्छ । जीवन बीमा गरेपछि बीमाको अवधि समाप्त भएपछि बोनस सहित एकमुष्ठ रकम पाइन्छ । बीमा अवधिमा कथम्कदाचित् बीमितिको मृत्यु भएमा निजको अधिकारप्राप्त हकवालाले बीमा रकम प्राप्त गर्दछन् । जीवन बीमा अन्तर्गत आजीवन बीमा, सावधिक जीवन बीमा र म्यादी जीवन बीमा पर्दछन् ।

**(क) निर्जीवन बीमा :**

निर्जीवन बीमा भनेको सम्पत्तिमा हुने विभिन्न प्रकारको भवितव्य तथा दुर्घटनाबाट सिर्जित आर्थिक क्षतिको रक्षावरण गर्ने माध्यम हो । निर्जीवन बीमा अन्तर्गत अग्नी बीमा, मोटर बीमा, इञ्जिनीयरिङ्ग बीमा, सामुन्द्रिक बीमा, हवाई बीमा र विविध बीमा पर्दछन् ।

**(क) पुनर्बीमा :**

बीमा कम्पनीहरूले पुनः अर्को कम्पनीसँग गर्ने बीमालाई पुनर्बीमा भनिन्छ ।

**३. बीमाको महत्व र आवश्यकता :**

- बीमाले निश्चित शर्तका आधारमा बीमकबाट पूरै वा आङ्शिक जोखिम बहन गरी भविष्यमा हुनसक्ने नोक्सानी विरूद्ध आर्थिक सुरक्षा प्रदान गर्दछ ।
- बीमाले जोखिलाई सुरक्षावरणको रूपमा लिने गर्दछ । अर्थात् जोखिम हस्तान्तरण गरी क्षतिपूर्ति प्राप्त गर्ने सरल माध्यम भनेको बीमा हो ।
- भविष्यमा हुनसक्ने विपत्ति र दुर्घटनाबाट जीवन तथा सम्पत्तिमा हुने क्षतिबाट सिर्जना हुने आर्थिक हानी नोक्सानीलाई बीमाले न्यूनीकरण गर्दछ ।
- बीमा व्यक्ति तथा परिवारको नाफादायक लगानी पनि हो । थोरै थोरै रकम बचत गरेर गरिएको बीमाको अवधि समाप्त भएपछि प्राप्त हुने एकमुष्ठ रकमबाट आर्थिक अभावलाई पूर्ति गर्न सकिन्छ ।
- लगानीकर्ता, उद्यमी तथा व्यवसायीलाई प्रोत्साहित गर्न, व्यवसायमा हुनसक्ने जोखिम विरूद्ध आर्थिक सुरक्षा प्रदान गर्न र वाणिज्य व्यापारको प्रवर्द्धन गर्न बीमा आश्यक हुन्छ ।
- देशमा पूँजी निर्माण गर्न, रोजगारीका अवसर सिर्जना गर्न र विपन्नता कारण हुने सामाजिक विकृतिमा कमी ल्याउन समेत बीमाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

**४. बीमाबाट हुने आर्थिक रक्षावरण :**

- बीमाले जीवन तथा सम्पत्तिमा हुने क्षति तथा हानी नोक्सानी विरूद्ध आर्थिक सुरक्षा प्रदान गर्दछ ।
- जीवन बीमा गर्दा बीमालेखको अवधि समाप्त भएपछि बीमितिले बोनस सहित एकमुष्ठ रकम प्राप्त गर्दछ । यदि बीमालेखको अवधि समाप्त हुनुभन्दा अगाडि नै बीमितिको मृत्यु भएमा निजको कानूनी हकदारलाई बीमाको रकम प्राप्त हुन्छ ।
- निर्जीवन बीमाले मानिसको स्वास्थ्यका साथै पालन गरिएका पशुपन्छी, बालीनाली, घर, भवन, व्यवसाय लगायतका सम्पत्तिमा भविष्यमा भूकम्प, हावाहुरी, बाढी पहिरो, अधिक वर्षा, चट्याङ्ग लगायतका प्राकृतिक प्रकोपबाट हुने क्षतिका विरूद्ध आर्थिक सुरक्षा प्रदान गर्दछ ।
- भविष्यमा दुर्घटनाबाट निजी तथा व्यवसायिक सवारी साधनमा हुने क्षति विरूद्ध मोटर बीमाले आर्थिक रक्षावरण गर्दछ ।

**५. जीवन बीमा दाबी भुक्तानी सम्बन्धी व्यवस्था :**

- बीमक (जीवन बीमा कम्पनी) ले जीवन बीमाको शुल्कको अन्तिम किस्ता भुक्तानी

गरिसकेका बीमितका नाममा किस्ता भुक्तानी गरेको मितिले १५ दिनभित्र त्यस्तो बीमाको दाबी भुक्तानीका लागि चाहिने बीमालेख लगायतका कागजात समेत संलग्न राखी दाबी भुक्तानी लिन आउनका लागि भुक्तानी पूर्जी ( डिस्चार्ज भौंचर) जारी गर्नुपर्दछ ।

- बीमितले जीवन बीमाको दाबी भुक्तानीका लागि बीमालेख तथा अन्य कागजादतहरू र भुक्तानी पूर्जी समेत बीमक समक्ष पेश गरेमा बीमकले आवश्यक जाँचबूझ गरी जीवन बीमालेखको अवधि समाप्त भएको मितिले सात दिनभित्र जीवन बीमाको दाबी भुक्तानी दिनु पर्दछ ।
- जीवन बीमालेखको अवधि समाप्त हुनुभन्दा अगाडि बीमितको मृत्यु भएमा निजले इच्छाएको व्यक्ति भए निजले र कसैलाई इच्छाएको नभए सबैभन्दा नजिकको हकवालाले त्यस्तो जीवन बीमाको रकम लिनका लागि देहायका विवरणहरू खुलाई दाबी भुक्तानी पाउनका लागि निवेदन दिनु पर्दछ ।

(क) दाबी सम्बन्धी विवरण,

(ख) बीमितको मृत्यु प्रमाणपत्र,

(ग) दुर्घटनाबाट बीमितको मृत्यु भएको र त्यस्तो जोखिम जीवन बीमामा समावेश भएको भए बीमितको मृत्युको कारण सम्बन्धमा सरकारी चिकित्सकद्वारा गरिएको शव परीक्षणको प्रतिवेदन र सो नभए प्रहरी प्रतिवेदन,

(घ) बीमितसँगको नाता प्रमाणपत्र,

(ङ) उमेर प्रमाणित नभएको अवस्थामा उमेर प्रमाणित गर्ने कागजातहरू,

(च) बीमा समितिद्वारा तोकिएका अन्य विवरणहरू ।

- त्यसरी निवेदन प्राप्त भएपछि बीमकले जीवन बीमा दाबीका सम्बन्धमा पेश भएका कागजात समेतका विवरणहरू छानवीन गरी आवश्यक भए अन्य कुराहरू समेत बुझी आफूसमक्ष कागजातहरू प्राप्त भएको मितिले १५ दिनभित्र दायित्व निर्धारण गरी दाबी भुक्तानी लिन आउनका लागि निवेदकका नाममा भुक्तानी पूर्जी जारी गर्नु पर्दछ । यसरी जारी गरेको भुक्तानी पूर्जी जारी भएको मितिले १५ दिनभित्र बीमकले बीमाको दाबी रकम भुक्तानी गर्नु पर्दछ ।
- बीमकले विवरणहरू छानवीन गर्दा दायित्व निर्धारण गरी बीमा दाबी भुक्तानी नपर्ने देखेमा सो को कारण खोली त्यसको लिखित जानकारी निवेदकलाई दिनु पर्दछ ।

**६. निर्जीवन बीमा दाबी भुक्तानी सम्बन्धी व्यवस्था :**

- निर्जीवन बीमा गर्ने बीमितले बीमालेख बमोजिमको दाबी गर्नुपर्ने भएमा तत्सम्बन्धी सम्पूर्ण विवरणहरू खुलाई बीमक समक्ष निवेदन दिनु पर्दछ ।
- निर्जीवन बीमाको दाबी भुक्तानीका लागि बीमितबाट निवेदन प्राप्त भएपछि बीमकले त्यस सम्बन्धमा आवश्यक जाँचबूझ गर्नु परेमा तुरून्त बीमा सर्भेयर खटाउनु पर्दछ ।
- खटिएको बीमा सर्भेयरले आवश्यक जाँचबूझ गरी १५ दिनभित्र बीमकको दायित्व निर्धारण

गरी त्यसको विस्तृत विवरण समेतको प्रतिवेदन बीमक समक्ष पेश गर्नु पर्दछ । प्रतिवेदनमा बीमकबाट बीमालेखको शर्त बमोजिम बीमितले पाउन सक्ने रकम समेत उल्लेख गरिएको हुनु पर्दछ ।

- सर्भेयरले प्रतिवेदन पेश गरेको मितिले साधारणतया ३५ दिनभित्र बीमकले दायितव ठहर गरी बीमितलाई निर्जीवन बीमाको दाबी रकम भुक्तानी गर्नु पर्दछ ।

**७. उजूर गर्न सक्ने व्यवस्था :**

- बीमा सम्बन्धी कुनै गुनासो भए वा समस्या परेमा नेपालको बीमा नियमनकारी निकाय 'बीमा समिति' मा उजूरी दिन सकिने छ ।
- बीमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा बीमितले त्यसको कारण समेत खोली बीमा समितिमा उजूरी गर्नु पर्दछ ।
- बीमाको दायित्व निर्धारणका सम्बन्धमा बीमक विरूद्ध बीमितले दिएका उजूरी माथि बीमा समितिले निर्णय गर्दछ ।
- बीमक र बीमितबीचको कुनै विवाद उत्पन्न भएमा त्यसको मध्यस्थता गर्ने कार्य पनि समितिले गर्दछ ।

**५. बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू :**

- बीमितले बीमा गर्नुभन्दा अगाडि आफूलाई आवश्यक पर्ने बीमा यकीन गरी त्यससँग सम्बन्धित प्रस्ताव फारममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरू स्पष्टसँग खुलाई भर्नु पर्दछ ।
- बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवम् सुविधाका बारेमा जानकारी लिएर मात्र बीमा गर्नु पर्दछ ।
- बीमितले आफ्नो पेशा, व्यवसाय एवम् आर्थिकस्तर समेतलाई ध्यानमा राखेर बीमा गर्नु पर्दछ ।
- बीमाशुल्क बुझाउने तथा बीमालेख नवीकरण गर्ने मिति, इच्छाइएको व्यक्तिको नाम, बीमालेख वापत रकम पाउने, नपाउने जस्ता विषयमा बीमालेख खरीद गर्नुभन्दा अगाडि नै राम्रोसँग बुझ्नु पर्दछ ।
- बीमितले बीमाशुल्क बुझाएपछि त्यसको आधिकारिक भर्पाई वा रसिद लिनु पर्दछ ।
- बीमा सम्बन्धी प्रस्ताव फारम बीमित स्वयम्ले भर्नु पर्दछ । यदि बीमित निरक्षर वा प्रस्ताव फारम भर्न असमर्थ भएमा निजले तोकेको व्यक्तिले प्रस्ताव फारम भर्नु पर्दछ ।
- बीमितले आफूले बीमा गर्न लागेको बीमा कम्पनीका बारेमा राम्रोसँग बुझेर मात्र बीमा गर्नु पर्दछ ।
- बीमालेख नवीकरण गर्ने समय ख्याल गरी समयमा नै बीमालेख नवीकरण गर्नु पर्दछ ।
- बीमा सम्बन्धी प्रचलित नीति नियमहरू तथा कानूनका बारेमा जानकारी राख्नु पर्दछ ।
- बीमितले आफूले गरेको बीमासँग सम्बन्धित सम्पूर्ण कागजातहरू सुरक्षित राख्नु पर्दछ ।
- हाल प्रविधिको विकाससँगै विभिन्न बैकिङ्ग प्रणाली तथा डिजिटल भुक्तानी पोर्टल मार्फत घरबाट नै बीमाशुल्क बुझाउन सकिने

भएकाले त्यस सम्बन्धमा राम्रोसँग जानकारी लिएर मात्र भुक्तानी गर्नु पर्दछ ।

- बीमितले आफ्नो आवश्यकता र आम्दानीको स्रोतलाई ध्यानमा राखेर मात्र बीमा गर्नु पर्दछ । अन्यथा रकमको अभावमा तोकिएको समयावधिसम्म बीमालेखलाई नवीकरण गर्न नसकेर सरेण्डर गर्नुपर्ने अवस्था आउन सक्छ ।

## आ.व. २०७७/७८ मा जीवन बीमाशुल्कमा २८.७१ प्रतिशत र निर्जीवन बीमाशुल्कमा १५.३५ प्रतिशतले बृद्धि

बीमा समितिले मिति २०७८ साल साउन १ गते शुक्रबार सबै जीवन बीमा कम्पनी र निर्जीवन बीमा कम्पनीहरूमा स्थलगत अनुगमन गर्दा प्राप्त तथ्याङ्कबाट गत आर्थिक वर्षमा कूल बीमाशुल्क बृद्धि भएको देखिएको छ ।

गत आर्थिक वर्ष २०७७/७८ मा जीवन बीमा कम्पनीहरूबाट कूल रू. १ खर्ब २० अर्ब ५५ करोड २३ लाख र निर्जीवन बीमा कम्पनीहरूबाट कूल रू. ३० अर्ब ९० करोड ६८ लाख गरी कूल जम्मा रू. १ खर्ब ५१ अर्ब ४५ करोड ९१ लाख बीमाशुल्क सङ्कलन भएको छ ।

- अघिल्लो आर्थिक वर्ष २०७६/७७ को तुलनामा गत आर्थिक वर्ष २०७७/७८ मा जीवन बीमा तर्फको कूल बीमा शुल्कमा २८.७१ प्रतिशत र निर्जीवन बीमा तर्फको कूल बीमाशुल्कमा १५.३५ प्रतिशतले बृद्धि भएको छ ।

## कृषि तथा पशु बीमा प्रिमियम अनुदानमा बृद्धि

सरकारले कृषि बाली तथा पशु बीमा प्रिमियममा दिइँदै आएको अनुदान रकम ५० प्रतिशतबाट बढाएर ८० प्रतिशत पुऱ्याएको छ ।

अर्थमन्त्री जनार्दन शर्माले यही भदौ २५ गते संघीय संसद्मा अर्थसम्बन्धी अध्यादेशहरूलाई प्रतिस्थापन गर्ने विधेयक प्रस्तुत गर्नुहुँदै कृषि बाली तथा पशु बीमा प्रिमियममा दिइँदै आएको अनुदान रकममा बृद्धि गरी ८० प्रतिशत पुऱ्याइएको जानकारी दिनुभयो ।

कृषि तथा पशुजन्य व्यवसायमा रहेको जोखिम न्यूनीकरण गरी यस क्षेत्रमा किसानहरूको आकर्षण बृद्धि गर्नका लागि कृषि बाली तथा पशु बीमाको दायरा विस्तार गर्न बीमा प्रिमियम अनुदानमा बृद्धि गरिएको अर्थमन्त्री शर्माले वक्तव्यमा उल्लेख गर्नुभएको छ ।

यसअघि सरकारले कृषि बाली तथा पशु बीमा प्रिमियममा ५० प्रतिशत अनुदान दिँदै आएको थियो ।


| संरक्षक | संपादक समूह | प्रकाशक |
|---|---|---|
| श्री सूर्यप्रसाद सिलवाल<br>अध्यक्ष<br><br>**सल्लाहकार**<br>श्री राजुरमण पौडेल, कार्यकारी निर्देशक<br>श्री सुशीलदेव सुवेदी, निर्देशक<br>श्री दिनेश कुमार लाल, निर्देशक | **संयोजक**<br>श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक<br><br>**सदस्यहरू**<br>श्री ध्रुव तिमिल्सिना, उपनिर्देशक<br>श्री जमुना अर्याल (आचार्य), सहायक निर्देशक<br>श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार<br><br>**कम्प्युटर लेआउट**<br>श्री कृष्णराज अधिकारी, कम्प्युटर प्राविधिक | **बीमा समिति**<br>(नेपालको बीमा नियमनकारी निकाय)<br>कुपण्डोल, ललितपुर ।<br>फोन : ०१-५४२१०७९, ५४३८७४३<br>टोल फ्री नं. : १६६०-०१-५६७८९<br>फ्याक्स : ०१-५४२०११९<br>Email: info@nib.gov.np,<br>Website: www.nib.gov.np |